नगरसभा वाट पारित मिति २०८१।०३।१०

# छेडागाड नगरपालिकाको आर्थिक ऐन, २०८१

प्रमाणित

छेडागाड नगरपालिका

नगर कार्यपालिकाको कार्यालय

कार्कीगाउँ, जाजरकोट

कर्णाली प्रदेश, नेपाल

# छेडागाड नगरपालिकाको अर्थ सम्बन्धि व्यवस्था गर्न बनेको विधेक, २०८१

## प्रस्तावनाः

छेडागाड नगरपालिकाको आर्थिक वर्ष २०८१/०८२ को अर्थ सम्वन्धी प्रस्तावनालाई कार्यन्वयन गर्नको लागि स्थानीय कर तथा शुल्क संकलन गर्ने, छुट दिने तथा आय संकलनको प्रशासनिक व्यवस्था गर्न वाञ्छनीय भएकोले, नेपालको संविधानको धारा २२८ को उपधारा (२) बमोजिम छेडागाड नगरपालिकाको नगर सभाले यो ऐन बनाएको छ।

**१. संक्षिप्त नाम र प्रारम्भः** (१) यस ऐनको नाम "छेडागाड नगरपालिकाको आर्थिक ऐन, २०८१" रहेको छ।

(२) यो ऐन २०८१ साल श्रावण १ गते देखि छेडागाड नगरपालिका क्षेत्रमा लागू हुनेछ।

**२. सम्पति करः** (१) छेडागाड नगरपालिका क्षेत्रभित्र अनुसूचि-१ बमोजिम सम्पत्ति कर लगाइने र असुल उपर गरिनेछ।

(२) उपदफा (१) बमोजिम सम्पत्ति कर लगाउँदा घर र घरले चर्चेको जग्गामा सम्पत्ति कर लगाइनेछ।

(३) उपदफा (१) को प्रयोजनको लागि घर र घरजग्गाको मूल्याङ्कन देहायका आधारमा गर्नुपर्नेछ।

(क) घर र घर जग्गाको आकार प्रकार बनोट र उपयोगको अवस्था

(ख) घर र घर जग्गाको चलन चल्तिको मूल्य घरको ह्रास मूल्य

(ग) घर र घर जग्गाको व्यापारिक वा आवासीय उपयोगको अवस्था

(४) यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भएता पनि देहायको घर र घरजग्गामा सम्पत्ति कर लाग्ने छैन।

(क) नेपाल सरकार प्रदेश सरकार र स्थानीय तहको स्वामित्वमा रहेको घर र जग्गा

(ख) सरकारी अस्पतालको घर र घरजग्गा

(ग) गुठीको स्वामित्वमा रहेको घर र जग्गा

(घ) मुनाफाको उद्देश्य नराखी सञ्चालन भएको सरकारी शिक्षण संस्था कम्पनी समिति प्राधिकरण , बोर्ड र सरकारी संस्थाको घर र घरजग्गा

(ङ) मुनाफाको उद्देश्य नराखी सञ्चालन भएका संघसंस्थाको कम्पनी घर र घरजग्गा

(च) धार्मिक संस्था (मन्दिर गुम्वा चर्च मस्जिद आदी) को घर र घरजग्गा

(छ) खानेपानी संकलन पोखरी विद्युत गृह मसानघाट विमानस्थल वसपार्क रंगशाला उद्यान पार्क जस्ता सार्वजनिक उपयोगका स्थलहरु

(ज) राजदुतावास बाणिज्य नियोग कुटनैतिक नियोगका घर र घरजग्गा

**३. भूमि कर (मालपोत)** (१) छेडागाड नगरपालिकाले नगरपालिकाका क्षेत्रभित्र अनुसूचि-२ बमोजिम भूमि कर (मालपोत) लगाइने र असुल उपर गरिनेछ।

(२) एकीकृत सम्पत्ति कर लगाएको अवस्थामा भूमिकर (मालपोत) लगाइने छैन।

(३) प्रत्येक आ.ब. को समाप्तिसम्म नबुझाएमा बक्यौता रकमको १० प्रतिशत जरिवाना लगाइने छ।

प्रमाणित

**४. घर जग्गा बहाल कर**: छेडागाड नगरपालिकाका क्षेत्रभित्र कुनै व्यक्ति वा संस्थाको भवन घर पसल ग्यारेज गोदाम टहरा छप्पर कारखाना जग्गा अथवा पोखरी पूरै वा आंशिक तवरले वहालमा दिइएकोमा अनुसूचि-३ बमोजिम घर जग्गा वहाल कर लगाइने वा असुल उपर गरिनेछ ।

**५. व्यवसाय कर**: छेडागाड नगरपालिका क्षेत्रभित्र व्यापार व्यवसाय वा सेवामा पूँजीगत लगानी वा आर्थिक कारोवारका आधारमा अनुसूचि-४ बमोजिम व्यवसाय कर लगाइने वा असुल उपर गरिनेछ ।

**६. जडिबुटी, कृषिजन्य उपज, कवाडी र जीवजन्तु कर**: छेडागाड नगरपालिकाका क्षेत्रभित्र कुनै व्यक्ति वा संस्थाले कृषि जन्य उत्पादन बस्तुको निर्यात, ऊनकवाडी माल र वनकस जडिबुटी खोटो प्रचलित कानूनले निषेध गरिएको जीवजन्तु बाहेकका अन्य मृत वा मारिएका जीवजन्तुका हाड छाला प्वाख सिँङजस्ता व्यवसायिक कारोवार गरे वापत् अनुसूचि-५ बमोजिमको कर लगाइने र असुल उपर गरिनेछ । तर प्रचलित कानूनले निषेध गरिएको हकमा भने उल्लेखित व्यवस्था लागु हुने छैन ।

**७. सवारी साधन कर**: नगरपालिकले रिक्सा अटो रिक्सा र ई-रिक्साको अनुसूचि-६ बमोजिम सवारी साधन कर लगाई असुल उपर गरिनेछ ।

**८. विज्ञापन कर**: छेडागाड नगरपालिका क्षेत्रभित्र हुने विज्ञापनमा अनुसूचि-७ बमोजिम विज्ञापन कर लगाइने र असुल उपर गरिनेछ ।

**९. मनोरञ्जन कर**: छेडागाड नगरपालिका क्षेत्रभित्र हुने मनोरञ्जन व्यवसाय सेवामा कर्णाली प्रदेश सरकारको आर्थिक ऐनमा तोकेको दरमा मनोरञ्जन कर लगाई असुल उपर गरिनेछ ।

**१०. बहाल बिटौरी कर**: छेडागाड नगरपालिका क्षेत्रभित्र आफुले निर्माण, रेखदेख वा सञ्चालन गरेका हाट, बजार वा पसल वा सरकारी जग्गामा बनेका संरचनाको उपयोग वापत् अनुसूचि-८ मा उल्लेखित बहाल बिटौरी शुल्क लगाइनेछ र असुल उपर गरिनेछ ।

**११. सेवा शुल्क दस्तुर**: छेडागाड नगरपालिका निर्माण, सञ्चालन वा व्यवस्थापन गरेको स्थानीय पूर्वाधार र उपलब्ध गराइएको सेवामा सेवाग्राहीबाट अनुसूचि-९ मा भए अनुसार शुल्क लगाइने र असुल उपर गरिनेछ । तर तोकिएको स्थानीय पूर्वाधारको काम सम्पन्न नगर्ने व्यक्ति र उपभोक्ता समितिबाट अनुसूचि-१० बमोजिम दण्ड जरिवाना लगाइने र असुल उपर गरिनेछ ।

**१२. खानी तथा खनिज शुल्क**: छेडागाड नगरपालिकाले आफ्नो क्षेत्रमा रहेका खानीहरुको उत्खनन तथा निकासीका गि सिफारिस र दर्ता एवम् निकासी परिमाणमा अनुसूचि-११ मा उल्लेखित दरमा खानी तथा खनिज शुल्क लगाइने र असुल उपर गरिनेछ । तर संघ तथा प्रदेश कानूनसंग बिझिने गरी कुनै किसिमको कर लगाइने वा असुल गरिनेछ ।

**१३. सामुदायिक वनबाट आय प्राप्त गर्ने**: सामुदायिक वन उपभोक्ता समितिले वन पैदावन विक्रि तथा उपयोग सम्वन्धी आफ्नो वार्षिक कार्ययोजना नगरपालिकाबाट स्वीकृत गराई अनुसूचि-१२ मा उल्लेखित दरमा सामुदायिक वन उपभोक्ता समितिबाट वन पैदावारको विक्रि वापत प्राप्त हुने रकम असुल उपर गरिनेछ ।

**१४. पार्किङ शुल्क**: नगरपालिका क्षेत्रभित्र कुनै सवारीलाई पार्किङ सेवा उपलब्ध गराए वापत अनुसूचि-१३ मा उल्लेखित शुल्क लगाइने तथा असुल उपर गरिनेछ ।

**१५. दण्ड जरिवाना**: यस ऐनको विभिन्न अनुसूचिमा तोकिएको दरमा तोकिएको समयावधीमा कर, सेवा शुल्क, दस्तुर नतिर्ने करदाता (व्यक्ति, व्यवसायी, कम्पनी, संघ संस्था आदी) लाई प्रति वर्ष १० प्रतिशतको दरले दण्ड जरिवाना थप गरी असुल उपर गरिनेछ ।

प्रमाणित

**१६. कर, शुल्क वा दस्तुर लगाउन नपाउने**: नगरपालिकाले प्रचलित कानून बमोजिम कूटनीतिक नियोग वा कूटनीतिज्ञलाई कर नलाग्ने विषयमा कर लगाउने छैन।

**१७. कर छुट**: यस ऐन बमोजिम कर तिर्ने दायित्व भएका व्यक्ति वा संस्थाहरुलाई कुनै पनि किसिमको कर छुट दिइने छैन।

**१८. नियम, कार्यविधी र मापदण्ड बनाउन सक्ने**: यस ऐनमा भएका व्यवस्थालाई कार्यन्वयन गर्न नगर कार्यपालिकाले आवश्यक नियम, कार्यविधी र मापदण्ड बनाउन सक्नेछ।

**१९. यसै बमोजिम भएको मानिने**: यो ऐन जारी हुनु भन्दा अघि भएका कर, सेवा शुल्क, दस्तुर तथा अन्य व्यवस्थाहरु यसै ऐन बमोजिम भएको मानिनेछ।

## अनुसुचि-१

## (दफा २ को सम्पत्ति कर सँग सम्वन्धित)

घर र घरले ओगटेको क्षेत्रफलको कर

| क्र.सं. | विवरण | करको दर (रु.) | कैफियत |
|---|---|---|---|
| १ | रु. १ देखि रु १ लाखसम्म | १००।- | |
| २ | रु १ लाख १ रुपैयाँ देखि रु ५ लाखसम्म | २५०।- | |
| ३ | रु ५ लाख १ रुपैयाँ देखि रु १० लाखसम्म | ५००।- | |
| ४ | रु १० लाख १ रुपैयाँ देखि रु २० लाखसम्म | ७५०।- | |
| ५ | रु २० लाख १ रुपैयाँ देखि रु ५० लाखसम्म | १०००।- | |
| ६ | रु ५० लाख १ रुपैयाँ देखि रु १ करोडसम्म | २०००।- | |
| ७ | रु १ करोड १ रुपैयाँ देखि रु २ करोडसम्म | ५०००।- | |
| ८ | रु २ करोड १ रुपैयाँ देखि रु ५ करोडसम्म | १००००।- | |
| ९ | रु ५ करोड १ रुपैयाँ देखि माथि | रु. १ प्रति हजार | |

## अनुसुचि-२

## (दफा ३ को भूमि कर (मालपोत) सँग सम्वन्धित)

| क्र.सं. | जग्गाको विवरण | करको दर (रु.) | कैफियत |
|---|---|---|---|
| १ | मध्य पहाडी लोकमार्ग आसपास ५० मिटर भित्र | प्रति रोपनी रु. १६०।- | |
| २ | थलह, रादेउ, मनाघाट, मिलबजार, मटेला बाटुले वाजार क्षेत्र | प्रति रोपनी रु. १००।- | |
| ३ | छेडा-मनाघाट चंखिला थलह सुवानाउली सडक आसपास ५० मिटर भित्र | प्रति रोपनी रु. ५०।- | |

प्रमाणित

| | | | |
|---|---|---|---|
| ४ | सडक पहुँच भएको ५० मिटर क्षेत्र भित्र | प्रति रोपनी रु. ४०।- | |
| | नगर क्षेत्रको अन्य जगगामा | | |
| क्र.सं. | जग्गाको विवरण | करको दर (रु.) | कैफियत |
| १ | अब्बल | ०० | |
| २ | दोयम | ०० | |
| ३ | सिम | ०० | |
| ४ | चाहार | ०० | |
| ५ | अन्य जगा | प्रतिरोपनी रु ३०।- | |

## अनुसूचि-३

### (दफा ४ को घर जग्गा बहाल कर सँग सम्वन्धित)

| क्र.सं. | जग्गाको विवरण | करको दर (रु.) | कैफियत |
|---|---|---|---|
| १ | सम्झौता तथा भुक्तानी रकमको | १० प्रतिशत | |

## अनुसूचि-४

### (दफा ५ को व्यवसाय कर सँग सम्वन्धित)

| क्र.सं. | व्यवसायको विवरण | करको दर (रु.) | कैफियत |
|---|---|---|---|
| क | सुनचाँदीको गरगहना | | |
| १ | वार्षिक रु. १० लाख सम्मको खुद्रा कारोवारमा प्रतिवर्ष | १५००।- | |
| २ | वार्षिक रु. ३० लाख सम्मको खुद्रा कारोवारमा प्रतिवर्ष | १५००।- | |
| ३ | वार्षिक रु. ३० लाख भन्दा माथिको खुद्रा कारोवारमा प्रतिवर्ष | १५००।- | |
| ४ | थोक व्यापारमा प्रतिवर्ष | २०००।- | |
| ख | मदिरा | | |
| ५ | खुद्रा व्यापारमा प्रतिवर्ष | २०००।- | |
| ६ | थोक व्यापारमा प्रतिवर्ष | ५०००।- | |
| ग | ईलेक्ट्रोनिक, इलेक्ट्रिक | | |
| ७ | खुद्रा व्यापारमा प्रतिवर्ष | १५००।- | |
| ८ | थोक व्यापारमा प्रतिवर्ष | १५००।- | |
| घ | खाद्यान्न तथा किराना | | |
| ९ | घुम्ती र गाउँ क्षेत्रका साना घुम्ति पसल प्रतिवर्ष | १५००।- | |
| १० | वार्षिक १० लाख सम्मको खुद्रा कारोवार गर्ने प्रतिवर्ष | १५००।- | |
| ११ | वार्षिक १० लाख भन्दा माथिको खुद्रा कारोवार गर्ने प्रतिवर्ष | १५००।- | |

प्रमाणित

| | | | |
|---|---|---|---|
| १२ | खाद्यान्न तथा किराना सामानको थोक प्रतिवर्ष | १५००।- | |
| ङ | **कपडा र फेन्सी** | | |
| १३ | कपडा तथा फेन्सी सामानको खुद्रा प्रतिवर्ष | १५००।- | |
| १४ | कपडा तथा फेन्सी सामानको थोक प्रतिवर्ष | १५००।- | |
| च | **टेलरिङ** | | |
| १५ | कपडा तथा सिलाई कटाई खुद्रा प्रतिवर्ष | १५००।- | |
| १६ | सिलाई कटाई खुद्रा प्रतिवर्ष | १५००।- | |
| छ | **औषधी पसल** | | |
| १७ | औषधी पसल खुद्रा प्रतिवर्ष | १५००।- | |
| १८ | औषधी पसल थोक प्रतिवर्ष | ३०००।- | |
| ज | **सुर्तिजन्य षदार्थ** | | |
| १९ | सुर्तिजन्य पदार्थको थोक प्रतिवर्ष | २५००।- | |
| २० | सुर्तिजन्य पदार्थको खुद्रा प्रतिवर्ष | ३५००।- | |
| झ | **स्टेशनरी** | | |
| २१ | स्टेशनरी सामानको खुद्रा प्रतिवर्ष | १५००।- | |
| २२ | स्टेशनरी सामानको थोक प्रतिवर्ष | २०००।- | |
| ञ | **भाँडा पसल** | | |
| २३ | भाँडा पसल खुद्रा प्रतिवर्ष | १५००।- | |
| ट | **हार्डवेयर** | | |
| २४ | हार्डवेयर पसल खुद्रा प्रतिवर्ष | २०००।- | |
| २५ | हार्डवेयर पसल थोक प्रतिवर्ष | २५००।- | |
| ठ | **होटल व्यावसाय** | | |
| २६ | खाजा तथा नास्ताको व्यवसाय प्रतिवर्ष | १५००।- | |
| २७ | खाजा, नास्ता र खाना व्यवसाय प्रतिवर्ष | १५००।- | |
| २८ | खाजा, खाना र बास प्रतिवर्ष | २५००।- | |
| २९ | होम स्टे | २५००।- | |
| ड | **सैलुन व्यवसाय** | | |
| ३० | सैलुन व्यवसाय प्रतिवर्ष | १५००।- | |
| ढ | **निर्माण व्यवसाय र उद्योग** | | |
| ३१ | निर्माण व्यवसाय/उद्योग प्रतिवर्ष | २५००।- | |
| ३२ | उत्पादनमुलक उद्योग व्यवसाय प्रतिवर्ष | २५००।- | |
| ३३ | उर्जामुलक उद्योग प्रतिवर्ष | २५००।- | |
| ३४ | ग्रील उद्योग प्रतिवर्ष | २५००।- | |
| ङ | **गाँजा खेती** | | |
| १ | गाँजा खेती अनुमती शुल्क ३ रोपनी सम्म | १५००।- | |
| २ | गाँजा खेती अनुमती शुल्क ३ रोपनी देखी ६ रोपनी सम्म | २०००। | |

प्रमाणित

| | | | |
|---|---|---|---|
| [illegible] | गाँजा खेती अनुमती शुल्क ६ रोपनी देखी१० रोपनी सम्म | ३०००।- | |
| [illegible] | गाँजा खेती अनुमती शुल्क १० रोपनी देखि माथी | ५०००। | |
| ण | **कृषि तथा पशुपंक्षी** | | |
| ३५ | कृषि तथा पशुपंक्षी फर्म/व्यवसाय दर्ता दस्तुर (कारोवार अनुसार अधिकतम रु. ३०००) | १५००।- | |
| ३६ | कृषि तथा पशुपंक्षी फर्म/व्यवसाय नवीकरण दस्तुर | १०००।- | |
| ३७ | कृषि तथा पशुपंक्षी फर्म/व्यवसाय दर्ता प्रमाणपत्र प्रतिलिपी दस्तुर | ५००।- | |
| त | **निजी विद्यालय** | | |
| ३८ | शिक्षा क्षेत्रका निजी विद्यालय प्रतिवर्ष | ६०००।- | |
| थ | **ग्यारेज** | | |
| ३९ | दुई पाङ्ग्रे र तीन पाङ्ग्रे ग्यारेज प्रतिवर्ष | ५०००।- | |
| ४० | चार पाङ्ग्रे ग्यारेज प्रतिवर्ष | ७०००।- | |
| द | **सहकारी** | | |
| ४१ | वार्षिक रु १० लाख सम्म कारोवार प्रतिवर्ष | १५००।- | |
| ४२ | वार्षिक रु ३० लाख सम्म कारोवार प्रतिवर्ष | २०००।- | |
| ४३ | वार्षिक रु ३० लाख भन्दा माथिको कारोवार प्रतिवर्ष | ५०००।- | |
| ध | **वित्तीय संस्था** | | |
| ४४ | वार्षिक रु ५० लाख सम्म कारोवार प्रतिवर्ष | ५०००।- | |
| ४५ | वार्षिक रु १ करोड सम्म कारोवार प्रतिवर्ष | १००००।- | |
| ४६ | वार्षिक रु १ करोड भन्दा माथि कारोवार प्रतिवर्ष | २५०००।- | |
| न | **छापाखाना** | | |
| ४७ | छापाखाना व्यवसाय दर्ता प्रतिवर्ष | ३०००।- | |
| प | **अन्य संस्था** | | |
| ४८ | नाफामुलक संस्थाहरु प्रतिवर्ष (व्यवसाय अनुसार अधिकतम रु ५०००) | ३०००।- | |
| ४९ | मनि ट्रान्सफर प्रतिवर्ष | २०००।- | |
| फ | **घट्ट / मिल** | | |
| ५०.१ | दर्ता शुल्क | १०००।- | |
| ५०.२ | मिल दर्ता | १५००।- | |
| ५०.३ | मिल नविकरण | १५००।- | |
| ५१ | घट्ट प्रतिवर्ष | १०००।- | |
| ब | **फलफुल तथा तरकारी** | | |
| ५२ | सागसब्जी तरकारी तथा फलफुल प्रतिवर्ष | १५००।- | |
| ५३ | माथिका वर्गिकरणमा समावेश नभएका सेवा व्यवसायको कारोवार र स्तर हेरी वार्षिक | १५००।- | |

प्रमाणित

| भ | व्यवसाय दर्ता तथा नविकरण | | |
|---|---|---|---|
| १ | व्यवसाय रजिष्ट्रेषण शुल्क | १५००।- | |
| २ | व्यवसाय नविकरण दस्तुर | १०००।- | |
| ३ | जरिवाना (बिलम्ब शुल्क) | ३०००।- | |

## अनुसूचि-५

### (दफा ६ को जडिबुटि, कृषिजन्य उपज, कवाडी र जीवजन्तु कर सँग सम्वन्धित)

| क्र.सं. | विवरण | करको दर (रु.) | कैफियत |
|---|---|---|---|
| १ | चुके लट्टी प्रति क्विन्टल | ११००।- | |
| २ | टिमुर प्रति क्विन्टल | ५००।- | |
| ३ | गुच्ची च्याउ प्रति किलो | १०००।- | |
| ४ | पुन्य च्याउ प्रति किलो | २००।- | |
| ५ | खिराङ्गलो प्रति किलो | १५।- | |
| ६ | भिरमौरी मह प्रति किलो | ४०।- | |
| ७ | खोटो जम्मा प्रति टिन | २१।- | |
| ८ | लसुन प्रति के जी | १।- | |
| ९ | सेराना जात मह प्रति के जी | २०।- | |
| १० | किवि प्रति के जी | ३।- | |
| ११ | सुन्तला प्रति के जी | १।- | |
| १२ | मौरी गोला सहित आधुनिक घार प्रति घार | १००।- | |
| १३ | पदमलाल्नो प्रति के जी | ०० | |
| १४ | निषेधित बाहेकका वनजन्य पशुजन्य र कवाडीजन्य वस्तुहरु (माथी उल्लेख नगरिएका वस्हरुमा) प्रति क्यून्टल रु | ३००।- | |
| १५ | फलफुल बिरुवा प्रति गोटा | १।- | |
| १६ | सल्लीको गोलिया प्रति ट्रक | १५००।- | |
| १७ | काउलोको बोक्रा प्रति ट्रक | १५००।- | |
| १८ | सल्लीको दियालो (झरो) प्रति ट्रक | २५००।- | |
| १९ | चुत्राको बोक्रा(डाँठ) प्रति ट्रक | २५००।- | |
| २० | झ्याउ प्रति क्युन्टल | १५०।- | |
| २१ | बोजो प्रति क्युन्टल | १५०।- | |
| २२ | मकै प्रति क्युन्टल | २५।- | |
| २३ | भटमास प्रति क्युन्टल | ५०।- | |

प्रमाणित

| | | | |
|---|---|---|---|
| १४ | शिलपाप्रि प्रति क्युन्टल | ५५।- | |
| १५ | लोक्ता प्रति क्युइन्टल | १००।- | |
| १६ | कटुको प्रति क्युइन्टल | १००।- | |

## अनुसूचि-६

### (दफा ७ को सवारी साधन कर सँग सम्वन्धित)

| क्र.सं. | विवरण | करको दर (रु.) | कैफियत |
|---|---|---|---|
| १ | रिक्सा अटो रिक्सा तथा ई-रिक्सा दर्ता शुल्क | ५०००।- | |
| २ | रिक्सा अटो रिक्सा तथा ई-रिक्सा नवीकरण शुल्क | २०००।- | |
| ३ | रिक्सा अटो रिक्सा तथा ई-रिक्सा बाटो इजाजतपत्र दस्तुर | ५००।- | |
| ४ | रिक्सा अटो रिक्सा तथा ई-रिक्साको अन्य सेवा शुल्क तथा कर सम्वन्धि व्यवस्थाहरु | सवारी साधन सञ्चालन मापदण्ड बमोजिम | |

## अनुसूचि-७

### (दफा ८ को विज्ञापन कर सँग सम्वन्धित)

| क्र.सं. | विवरण | करको दर (रु.) | कैफियत |
|---|---|---|---|
| १ | **नगर क्षेत्रमा प्रचार आदिका लागि राख्ने साइनबोर्डमा कर लाग्नेछ** | | |
| १.१ | डिजिटल डिस्प्लेहरु प्रति वर्गफिट | ५००।- | |
| १.२ | पर्खाल वार भित्ता आदिमा आफ्नो संस्थाको रंग पोत्ने प्रति वर्गफिट | ५००।- | |
| १.३ | सार्वजनिक स्थान प्रतिक्षालयमा राख्ने विज्ञापन सामाग्रीमा प्रति वर्गफिट | ३००।- | |
| १.४ | उपरोक्त बाहेकका अन्यका हकमा प्रति वर्गफिट | ५००।- | |
| १.५ | पोल व्यानर प्रति हप्ता प्रति व्यापार | ५००।- | |
| १.६ | खेलकुद मैदानमा गरिने विज्ञापन प्रतिदिन | २००।- | |
| १.७ | ठेलागाडा रिक्सामा गरिने प्रचार प्रतिदिन | ४०।- | |
| २ | **सवारी साधनमा गरिने विज्ञापन** | | |
| २.१ | सवारी साधनको छतमा गरिएको विज्ञापन प्रति वर्गफिट | ५०।- | |
| २.२ | सवारी साधनको ढोका वा अन्य भागको विज्ञापन प्रति वर्गफिट | ४०।- | |

प्रमाणित

| | | | |
|---|---|---|---|
| २.३ | सवारी साधनको पछाडी पट्टीको सिसामा विज्ञापन प्रति वर्गफिट | ६०/- | |
| २.४ | सवारी साधनमा विज्ञापन प्रयोजनका लागि माईकिङ्ग प्रतिदिन | ५००/- | |
| २.५ | अन्य सवारी साधनमा राखिने कुनै प्रकारको विज्ञापम प्रतिफिट | ५०/- | |
| ३ | **अनलाइन विज्ञापन** | २००/- | |
| ४ | **एफ एम विज्ञापन** | | |
| ४.१ | प्राइम टाइम प्रति मिनेट (बिहान ६ बजे देखि बिहान ९ बजेसम्म र साँझ ६ बजेदेखि बेलुका ९ बजेसम्म) | २००/- | |
| ४.२ | सामान्य समय (नर्मल समय) प्रति मिनेट | १००/- | |

## अनुसूचि-८

(दफा ९ को मनोरञ्जन कर सँग सम्वन्धित)

| क्र.सं. | विवरण | करको दर (रु.) | कैफियत |
|---|---|---|---|
| १ | मेलामा पसल थापे वापत प्रति कोठा प्रति दिन | २००/- | |
| २ | नगर क्षेत्रमा पसल राखे वापत कोठा प्रतिमहिना | २०००/- | |
| ३ | नगर क्षेत्रमा घुम्ती राखे वापत प्रति महिना | १००/- | |

## अनुसूचि-९

(दफा १० को सेवा शुल्क दस्तुर सँग सम्वन्धित)

| क्र.सं. | विवरण | करको दर (रु.) | कैफियत |
|---|---|---|---|
| क | **सिफारिस** | | |
| १ | **घरजग्गा नामसारी सिफारिस** | | |
| १.१ | अंशवण्डा प्रयोजन | ३००/- | |
| १.२ | बिक्रि प्रयोजन | ५००/- | |
| २ | **मोही लगत कट्टा सिफारिस** | ५००/- | |
| ३ | **घर कायम सिफारिस** | ७५०/- | |
| ४ | **जग्गा मूल्याङ्कन सिफारिस** | १०००/- | |
| ५ | जग्गा दर्ता सिफारिस | ५००/- | |
| ३ | **स्वास्थ्य उपचार सिफारिस** | | |
| ३.१ | निशुल्क वा सशुल्क स्वास्थ्य उपचार सिफारिस | ०० | |
| ४ | **नेपाल सरकारको नाममा बाटो कायम सिफारिस** | ५००/- | |
| ५ | **कोठा खोल्न रोहवरमा बस्ने कार्य** | ५००/- | |

प्रमाणित

| | | | |
|---|---|---|---|
| ६ | अन्य कार्यालयको माग अनुसार विवरण खुलाई पठाउने | २००।- | |
| ७ | छात्रवृति सिफारिस उच्च शिक्षा | २००।- | |
| ८ | विपन्न विद्यार्थी छात्रवृति सिफारिस | ०० | |
| ९ | अपाङ्ग सिफारिस | ०० | |
| १० | **बसोबास** | | |
| १०.१ | अस्थायी र स्थायी बसोवास सिफारिस | २००।- | |
| १०.२ | आन्तरिक बसाईसराई सिफारिस | २००।- | |
| ११ | **नागरिकता** | | |
| ११.१ | नागरिकताको प्रमाणपत्र सिफारिस | २००।- | |
| ११.२ | नागरिकताको प्रमाणपत्रको प्रतिलिपी सिफारिस | ३००।- | |
| ११.३ | अंगिकृत नागरिकताको प्रमाणपत्र सिफारिस | ५०००।- | |
| ११.४ | नावालक परिचयपत्र सिफारिस | १००।- | |
| १२ | **विद्युत जडान सिफारिस** | | |
| १२.१ | नक्सा पास भएका | ३००।- | |
| १२.२ | नक्सा पास नभएका | ५००।- | |
| १३ | **धारा जडान सिफारिस** | | |
| १३.१ | नक्सा पास भएका | २००।- | |
| १३.२ | नक्सा पास नभएका | ५००।- | |
| १४ | **व्यक्तिगत सिफारिस** | | |
| १४.१ | जीवित रहेको सिफारिस | ५००।- | |
| १४.२ | जन्म मिति संशोधन सिफारिस | ५००।- | |
| १४.३ | जग्गा धनी पुर्जा हराएको सिफारिस | २००।- | |
| १४.४ | पुर्जामा घर कायम गर्न सिफारिस | ५००।- | |
| १५ | **व्यवसाय सम्वन्धी** | | |
| १५.१ | व्यवसाय बन्द सिफारिस | १०००।- | |
| १५.२ | व्यवसाय नभएको सिफारिस | १०००।- | |
| १५.३ | व्यवसाय सञ्चालन नभएको सिफारिस | १०००।- | |
| १६ | **विद्यालय सम्वन्धी (सामुदायिक)** | | |
| १६.१ | कक्षा थप अनुमति | ३०००।- | |
| १६.२ | नयाँ विद्यालय खोल्ने अनुमति (सामुदायिक) | १००००।- | |
| १६.३ | विद्यालय कक्षा थप अनुमती संस्थागत | ६०००।- | |
| १६.४ | पूर्व प्राथमिक विद्यालय खोल्ने अनुमती | ५०००।- | |
| १६.५ | पूर्व प्राथमिक विद्यालय खोल्ने अनुमती संस्थागत | १००००।- | |
| १६.६ | व्यक्तिगत विवरण सिफारिस | २००।- | |
| १६.७ | संरक्षक सिफारिस व्यक्तिगत | २००।- | |
| १६.८ | संरक्षक सिफारिस संस्थागत | ५००।- | |

प्रमाणित

| | | | |
|---|---|---|---|
| ६.९ | विद्यालय ठाउँसारी सिफारिस | ५०००।- | |
| .१० | कक्षाथप अनुमति कक्षा ४ | ४०००।- | |
| .११ | कक्षाथप अनुमति कक्षा ६ | ८०००।- | |
| .१२ | कक्षाथप अनुमति कक्षा ९ | १००००।- | |
| .१३ | कक्षाथप अनुमति कक्षा ११ | १५०००।- | |
| .१४ | शिक्षकको तलव प्रमाणित | ५००।- | |
| .१५ | कक्षा ८ को प्रमाणपत्र प्रतिलिपि शुल्क शिक्षा मार्फत | २००।- | |
| १७ | **अन्य सिफारिस** | | |
| ७.१ | आर्थिक अवस्था कमजोर सिफारिस | ०० | |
| ७.२ | चौपाया सम्वन्धी निकासी पैठारी प्रति भैसी | २००।- | |
| ७.३ | चौपाया सम्वन्धी निकासी पैठारी प्रति बाख्रा | ५०।- | |
| ७.४ | अदालत शुल्क मिनाहा सिफारिस | १००।- | |
| ७.५ | उद्योग व्यापार ठाउँसारी सिफारिस | १०००।- | |
| ७.६ | पिछडिएको क्षेत्रको सिफारिस | २००।- | |
| ७.७ | खाता सञ्चालन सिफारिस | २००।- | |
| १८ | **नाता प्रमाणित** | | |
| १८.१ | नेपालीमा | २००।- | |
| १८.२ | अङ्ग्रेजीमा | ५००।- | |
| १९ | **घरबाटो सिफारिस** | | |
| १९.१ | सडक देखि ५० मिटर भित्र | ५००।- | |
| १९.२ | सडक देखि ५० मिंटर भन्दा बाहिर | २००।- | |
| २० | **व्यक्तिगत घटना प्रमाणित** | | |
| २०.१ | जन्म, मृत्यू मिति प्रमाणित | १००।- | |
| २०.२ | विवाह प्रमाणित | ३००।- | |
| २०.३ | अविवाहित प्रमाणित | ५००।- | |
| २०.४ | घर पाताल प्रमाणित | २००।- | |
| २०.५ | फरक फरक नामथर प्रमाणित | २००।- | |
| २०.६ | फरक फरक जन्ममिति प्रमाणित | २००।- | |
| २०.७ | मञ्जुरीनामा प्रमाणित र मिलापत्र कागज गराउने | ५००।- | |
| २०.८ | संरक्षक प्रमाणित | १००।- | |
| २०.९ | हकदार प्रमाणित / अंशियार | १५००।- | |
| २०.१० | जग्गाको रेखाङ्कन दस्तुर प्रति कित्ता | १५००।- | |
| २०.११ | सम्पती प्रमाणित बैदेशिक अध्ययनको लागी | ५०००।- | |
| २१ | **व्यक्तिगत घटना दर्ता दस्तुर** | | |
| २१.१ | जन्म दर्ता (३५ दिन पछिको) | २००।- | |
| २१.२ | मृत्यू दर्ता (३५ दिन पछिको) | २००।- | |

प्रमाणित

अनुसूचि-१३

(दफा १४ को पार्किङ्ग शुल्क सँग सम्वन्धित)

| सं. | विवरण | पार्किङ्ग शुल्क (रु.) | कैफियत |
|---|---|---|---|
| | मोटरसाइकल प्रतिदिन | ३०।- | |
| | रिक्सा अटो रिक्सा ई-रिक्सा प्रतिदिन | ५०।- | |
| | कार जीप प्रतिदिन | १००।- | |
| | बस मिनिवस प्रतिदिन | १५०।- | |
| | ट्रक प्रतिदिन | २००।- | |
| | लोडर हेभि इक्वीप्मेन्ट प्रतिदिन | २५०।- | |

ाड नगरपालिकाको नगरसभा कार्यसंचालन नियमावली २०७४ को नियम १४१ उप नियम १ र २ बमोजिम औं नगर सभा (सातौं बजेट अधिवेशन) बैठकवाट पारित भएको छेडागाड नगरपालिकाको आर्थिक ऐन, १ प्रमाणिकरण गर्दछु ।

**प्रमाणिकरण गर्ने:**

नामः रत्न बहादुर खड्का

पदः सभाध्यक्ष

मितिः २०८१।०३।१२

पृष्ठ सङ्ख्याः १७

दस्तखतः

प्रमाणित

# छेडागाड नगरपालिकाको विनियोजन विधेयक, २०८१

प्रमाणित

छेडागाड नगरपालिका

नगर कार्यपालिकाको कार्यालय

कार्कीगाउँ, जाजरकोट

कर्णाली प्रदेश, नेपाल ।

छेडागाड नगरपालिकाको आर्थिक बर्ष २०८१।०८२ को सेवा र कार्यहरुको लागि स्थानीय सञ्चित कोषबाट केही रकम खर्च गर्ने र विनियोजन गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन।

सभाबाट स्वीकृत मितिः २०८१ असार १० गते

प्रस्तावनाः छेडागाड नगरपालिकाको आर्थिक बर्ष २०८१/०८२ को सेवा र कार्यहरुको लागि सञ्चित कोषबाट केही रकम खर्च गर्ने अधिकार दिन र सो रकम विनियोजन गर्न वाञ्छनीय भएकोले,

नेपालको संविधानको धारा २२९ को उपधारा (२) बमोजिम छेडागाड नगरसभाले यो ऐन बनाएको छ ।

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यस ऐनको नाम "छेडागाड नगरपालिकाको विनियोजन ऐन, २०८१" रहेको छ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ ।

२. **आर्थिक बर्ष २०८१/०८२ को निमित्त सञ्चित कोषबाट रकम खर्च गर्ने अधिकारः** (१) आर्थिक वर्ष २०८१/०८२ को निमित्त नगर कार्यपालिका, वडा समिति, विषयगत शाखाले गर्ने सेवा र कार्यहरुका निमित्त अनुसूची १ मा उल्लिखित चालू खर्च, पूँजीगत खर्च र बित्तीय व्यवस्थाको रकम समेत गरी जम्मा रकम रु. ८१,८९,६५,९०४।- (अक्षेरुपीः एकासी करोड उनानब्बे लाख पैसठ्ठी हजार नौसय चार रुपैया मात्र) मा नबढाई निर्दिष्ट गरिए बमोजिम सञ्चित कोषबाट खर्च गर्न सकिनेछ ।

३. **विनियोजनः** (१) यस ऐनद्धारा सञ्चित कोषबाट खर्च गर्न अधिकार दिइएको रकम आर्थिक वर्ष २०८१/०८२ को निमित्त छेडागाड नगरपालिकाको नगर कार्यपालिका, वडा समिति र विषयगत शाखाले गर्ने सेवा र कार्यहरुको निमित्त विनियोजन गरिनेछ ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि कार्यपालिका, वडा समिति र विषयगत शाखाले गर्ने सेवा र कार्यहरुको निमित्त विनियोजन गरेको रकम मध्ये कुनैमा बचत हुने र कुनैमा अपुग हुने देखिन आएमा नगर कार्यपालिकाले बचत हुने शीर्षकबाट नपुग हुने शीर्षकमा रकमान्तर गर्न सक्नेछ । यसरी रकमान्तर गर्दा एक शीर्षकबाट सो शीर्षकको जम्मा रकमको २५ प्रतिशतमा नबढ्ने गरी कुनै एक वा एक भन्दा बढी शीर्षकहरुबाट अर्को एक वा एक भन्दा बढी शीर्षकहरुमा रकमान्तर गर्न तथा निकासा र खर्च जनाउन

प्रमाणित

शीर्षकमा बाहेक अन्य चालू खर्च शीर्षकतर्फ रकमान्तर गर्न र बित्तीय व्यवस्था अन्तर्गत साँवा भुक्तानी खर्चतर्फ विनियोजित रकम व्याज भुक्तानी खर्च शीर्षकमा बाहेक अन्यत्र रकमान्तर गर्न सकिने छैन ।

तर, चालु तथा पूँजीगत खर्च र वित्तीय व्यवस्थाको खर्च व्यहोर्न एक स्रोतबाट अर्को स्रोतमा रकम रकमान्तर गर्न सकिनेछ ।

(३) उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि एक शीर्षकबाट सो शीर्षकको जम्मा स्वीकृत रकमको २५ प्रतिशत भन्दा बढ्ने गरी कुनै एक वा एक भन्दा बढी शीर्षकहरुमा रकम रकमान्तर गर्न परेमा नगरसभाको स्वीकृति लिनु पर्नेछ ।

प्रमाणित